


# वार्षिक प्रगति प्रतिवेदन
# आ.व. २०८०/८१




## शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## खलंगा, सल्यान
## कर्णाली प्रदेश, नेपाल

स्थापित: २०७१




**शारदा नगरपालिका नगर प्रमुखको भनाई**

सुशासनको सुन्दरतम पक्षको रूपमा रहेको सूचनाको हक लोकतान्त्रिक प्रणालीको मुटु हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस शारदा नगरपालिका आयोजना सञ्चालन तथा व्वस्थापन कार्यविधि २०८१ एवं प्रचलित कानून बमोजिम आर्थिक वर्ष समाप्त भएपछी समीक्षा गरि नयाँ आर्थिक वर्षको लागि मार्गदर्शनको रुपमा वार्षिक प्रतिवेदन प्रकाशन गर्ने प्रचलन रहेको छ। सोही व्यवस्था अनुरूप शारदा नगरपालिकाबाट आ.व. २०८०/८१ को २०८० श्रावण १ गते देखि असार मसान्तसम्म सम्पादन भएका कार्यहरूलाई अद्यावधिक गरी वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गरिएको छ। शारदा नगरपालिका, सल्यानले यस अवधिमा सम्पादन र सेवा प्रवाह गरेका विविध कार्यहरूका बारेमा आम नागरिकमा सहज पहुँच पुग्ने मैले अपेक्षा गरेको छु।

शारदा नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई सहज, सरल, पारदर्शी तवरले उपलब्ध गराउने र सेवाहरूको बारेमा आम सरोकारवालाहरूलाई सु-सूचित गर्न यस प्रकाशनले सहयोग पुर्याउनेछ। आगामी दिनहरूमा यसलाई थप सरलीकृत एंव जनउपयोगी बनाउने कार्य नगरपालिकाले गर्नेछ। अन्त्यमा, आउँदा दिनहरूमा यस कार्यालयबाट हुने सेवाको गुणस्तर र सेवाग्राही मैत्री सरकारी सेवा वितरण गर्ने अभियान र यस कार्यालयको प्रयासलाई सफल बनाई शारदा नगरपालिकामा सुशासन कायम गर्न चाल्नु पर्ने कदमका बारेमा सरोकारवालाहरूबाट अमुल्य सुझाव प्राप्त हुने अपेक्षा राख्दछ। साथै, वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्न नेतृत्व प्रदान गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा, योजना अधिकृत श्री केशव बुढाथोकी, सूचना प्रविधि अधिकृत श्री नविन मल्ल, कम्प्यूटर अपरेटर श्री सुनयन राई तथा यस कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवं अन्य कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

..................................

नगर प्रमुख

प्रकाश भण्डारी



**प्रमुख प्रशासकीय अधिकृतको भनाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । नगरसभाले वार्षिक नीति तथा कार्यक्रम, बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरे पश्चात नगर प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरिएको अख्तियारी अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना निर्माण गरी योजनावद्ध ढंगले क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने हुन्छ । यसरी सञ्चालन गर्ने कार्यक्रम तथा क्रियाकलापलाई अर्ध वार्षिक तथा वार्षिक रुपमा समीक्षा गरी पृष्ठपोषण सहित आगामी कार्यदिशा तय गर्नु नगर कार्यपालिकाको दायित्व भित्र पर्दछ । फल:स्वरुप नगरपालिकाले आथिक वर्ष २०८०/८१ मा वार्षिक रुपमा गरेका गतिविधिहरुलाई समेटी वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ । स्थानीय तह संस्थागत स्वमूल्यांकन (LISA) मा समेत यसलाई महत्वपूर्ण औजारको रुपमा लिईएको छ ।

यस प्रकाशनबाट शारदा नगरपालिकाको कार्यालय, सल्यानले यस अवधिमा सम्पादन गरेका क्रियाकलापहरु एवम् प्रवाह गरिने सेवाका बारेमा संक्षेपमा आम सरोकारवालाहरुले सहज जानकारी पाउनेछन् । सरकारी सेवामा सरल, सहज, छरितो, गुणस्तरीय र पारदर्शी ढंगबाट उपलब्ध गराउने र सेवाहरुको विशेषता आम सरोकारवालाहरुलाई सुसूचित गर्न यस प्रकाशनले सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु । आगामी दिनमा नगरपालिकाबाट प्रचलित कानून बमोजिम वार्षिक प्रगति प्रतिवेदनलाई नियमित गराउन शारदा नगर कार्यापलिकाको कार्यालय, खलंगा सल्यान प्रतिवद्ध रहेको छ ।

अन्त्यमा, आगामी दिनमा यस कार्यालयबाट हुने सेवाको गुणस्तर बढाउन र सेवाग्राहीमैत्री सरकारी सेवा वितरण गर्ने अभियानलाई सफल बनाई सुशासन कायम गर्न चाल्नुपर्ने कदमका बारेमा यस कार्यालयले सरोकारवालाहरुबाट पृष्ठपोषण तथा सुझाव प्राप्त गर्ने अपेक्षा राख्दछ । साथै, प्रगति प्रतिवेदन प्रकाशन गर्न मार्ग निर्देशन गर्नहुने नगर प्रमुख श्री प्रकाश भण्डारी, उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार प्रति हार्दिक आभार व्यक्त गर्नुका साथै तयार गर्न खटिनुहुने यस कार्यालयका योजना अधिकृत श्री केशव बहादुर बुढाथोकी, सूचना प्रविधि अधिकृत श्री नवीन मल्ल, कम्प्युटर अपरेटर श्री सुनयन राई तथा यस कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवं अन्य कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

# १. सुशासन तथा संस्थागत विकास शाखा

## १.१. पृष्ठभूमी

देशभर सङ्घीयशासनको अभ्यास गरिरहेका स्थानीय तहहरू मध्ये शारदा नगरपालिकाले आ.व. २०८०/८१ मा सम्पादन गरेका सम्पूर्ण कार्यहरूको यथार्थ प्रतिवेदन तयार गरी जनतालाई सुसूचित गर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रयोजनार्थ २०८१ भाद्र १३ र १४ गते गरिएको वार्षिक समीक्षाको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

## १.२. नगरपालिकाको परिचय र भौगोलिक अवस्थिति

नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार कर्णाली प्रदेशमा पर्दछ । शारदा नगरपालिका विश्व मानचित्रमा ८२०˚२’४०” देखि ८२˚१६’३६” पूर्वी देशान्तरसम्म र २८˚१८’५१” देखि २८˚२७’४४” उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित पहाडी क्षेत्रमा अवस्थित छ । १९८.३४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस शारदा नगरपालिकाको उत्तरमा सिद्धकुमाख गाँपालिका पश्चिमतर्फ बनगाड कुपिन्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी नगरपालिका र पूर्वमा छत्रेश्वरी गाँउपालिका र बागचौर नगरपालिका रहेका छन्।

नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालिन ७ गा.वि.स खलंगा, मार्के, हिवल्चा, कजेरी, सेजुवालटाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१/०२/०२ गतेबाट औपचारिक रुपमा स्थापित तथा सञ्चालनमा आएको हो। यस नगरपालिकाको नामाकरण यस नगरपालिका भइ बग्ने शारदा नदीबाट गरिएको हो। शारदा नदी शारदा नगरपालिकाको मात्र नभइ सल्यान जिल्लाको पनि प्रमुख नदीको रुपमा मानिन्छ। यस नदीलाई आर्थिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार शारदा नगरपालिकाको जनसंख्या ३४,६६३ रहेको छ जस मध्ये पुरुष ४६.४३ प्रतिशत (१६,३८८ जना) र महिला ५३.५७ प्रतिशत (१८,२७५ जना) रहेको छ। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री, बाहुन, ठकुरी जातिहरु २१,१२७ जना (६२.६४ प्रतिशत), दोस्रोमा सन्यासी/दशनामी २७६१ जना (८.१९ प्रतिशत) र तेस्रोमा कामी २५८६ (७.६७ प्रतिशत) हरुको बसोबास रहेको छ। शैक्षिक हिसावमा यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ६३ वटा शिक्षण संस्थाहरु संचालित छन्।

यस नगरपालिकामा औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, नोकरी हुन्। यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन्। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशै, तिहार, माघे सक्रान्ति, चैते दशै आदि मनाउने गरिन्छ।

## १.३. प्रगति प्रतिवेदनको उद्देश्यहरू

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोजनार्थ,
- सूचनाको हक २०६४ को कार्यान्वयन गर्न,
- सरकारले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरू जनतामाझ पुऱ्याउन,
- गत आ.व. र चालु आ.व.मा सम्पादन भएका कार्यहरूको तुलनात्मक अध्ययन गर्न,

## १.४. नगरपालिकाको संगठनिक संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा ११ बमोजिमका कार्यहरू गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको साङ्गठनिक संरचना रहने व्यवस्था रहेको छ।

कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति

| क्र.स. | स्वीकृत पद | तह | सेवा | संख्या | पदपूर्ति २०८१ असार मसान्त सम्मको स्थिति | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघबाट मायोजन भई आएका | साविक स्थानिय मा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | |
| १ | प्रमुख प्रशासकिय अधिकृत | १० | प्रशासन | १ | ० | ० | ० | ० | १ | |
| २ | अधिकृत | ९/१० | शिक्षा | १ | ० | ० | ० | ० | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि | १ | ० | ० | ० | ० | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | १ | १ | ० | ० | ० | ० | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | १ | ० | ० | ० | ० | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | १ | १ | ० | ० | ० | ० | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | १ | १ | ० | ० | ० | ० | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि | १ | ० | ० | ० | १ | १ | |
| ९ | अधिकृत | ६ | प्रशासन | २ | १ | ० | ० | ० | १ | |
| १० | आ.ले.प. अधिकृत | ६ | प्रशासन | १ | १ | ० | ० | ० | ० | |
| ११ | प.हे.न. | ५/६ | स्वास्थ्य | १ | १ | ० | ० | ० | ० | |
| १२ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | १ | ० | ० | ० | ० | १ | |
| १३ | सहायक | ५ | प्रशासन | ५ | ० | २ | ० | ० | ३ | |
| १४ | लेखापाल | ५ | प्रशासन | १ | ० | १ | ० | ० | ० | |
| १५ | कम्प्यूटर अपरेटर | ४ | विविध | १ | १ | ० | ० | २ | ० | |
| १६ | प्रा.स. | ५ | शिक्षा | १ | ० | ० | ० | ० | १ | |
| १७ | सब-इन्जिनियर | ५ | इन्जि | २ | ० | १ | ० | २ | १ | |
| १८ | महिला विकास निरिक्षक | ५ | विविध | १ | ० | ० | ० | ० | १ | |
| १९ | अमिन | ४ | इन्जि | १ | ० | १ | ० | ० | ० | |
| २० | सहायक | ४ | प्रशासन | २ | ० | १ | ० | ० | १ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | १ | १ | ० | ० | ० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सहायक महिला विकास निरिक्षक | १ | विविध | १ | ० | १ | ० | ० | ० | |
| जम्मा | | | | २९ | ८ | ७ | | ५ | १४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा अधिकृत | ६ | शिक्षा | १ | ० | १ | - | - | | |
| २ | खा.पा.स.टे. | ४ | इन्जि/स्यानिटरी | १ | १ | | - | - | | |
| ३ | कार्यालय सहयोगी | | | ७ | ३ | ४ | - | | | |
| जम्मा | | | | ९ | ४ | ५ | | | | |

| | कृषि विकास शाखाको दरवन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | स्वीकृत पद | तह | सेवा | संख्या | पदपूर्ति २०८१ असार मसान्त सम्मको स्थिति | | | | रिक्त पद | कैफियत |
| | | | | | संघबाट मायोजन भई आएका | साविक स्थानियमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | |
| १ | अधिकृत | ७/८ | कृषि | १ | ० | ० | ० | ० | १ | छैठौ अधिकृत कार्यरत |
| २ | प्राविधिक सहायक | ५ | कृषि | २ | ० | ० | १ | ० | १ | |
| ३ | प्राविधिक सहायक | ४ | कृषि | १ | १ | ० | ० | १० | ० | |
| जम्मा | | | | ४ | १ | ० | १ | १० | २ | |

| | पशु सेवा शाखाको दरवन्दि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | स्वीकृत पद | तह | सेवा | संख्या | पदपूर्ति २०८१ असार मसान्त सम्मको स्थिति | | | | रिक्त पद | कैफियत |
| | | | | | संघबाट मायोजन भई आएका | साविक स्थानियमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | |
| १ | अधिकृत | ७/८ | कृषि | १ | ० | ० | ० | ० | १ | छैठौ अधिकृत कार्यरत |
| २ | सहायक(प.से.प्रा.) | ५ | कृषि | १ | १ | ० | ० | ० | ० | |
| ३ | सहायक(प.स्वा.प्रा.) | ५ | कृषि | १ | १ | ० | ० | ० | ० | |
| ४ | सहायक(ना.प.स्वा. प्रा.) | ४ | कृषि | १ | १ | ० | ० | ५ | ० | |
| ५ | सहायक(ना.प.से.प्रा.) | ४ | कृषि | १ | ० | ० | ० | १० | १ | |
| जम्मा | | | | ५ | ३ | ० | ० | १५ | २ | |

| | वडा कार्यालय तर्फको दरबन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | स्वीकृत पद | तह | सेवा | संख्या | पदपूर्ति २०८१ असार मसान्त सम्मको स्थिति | | | | रिक्त पद | कैफियत |
| | | | | | संघबाट मायोजन भई आएका | साविक स्थानियमा कार्यरत | आन्तरिक पदपूर्ति | करारबाट | | |
| १ | सहायक पाँचौ | ५ | प्रशासन | ७ | ० | ५ | ० | ० | २ | |
| २ | सब-ईन्जिनियर | ५ | ईन्जि | ७ | ० | ० | ० | २ | ७ | |
| ३ | सहायक चौंथो | ४ | प्रशासन | ७ | २ | ३ | ० | ० | २ | |
| ४ | अ.स.ई. | ४ | ईन्जि | ८ | ० | ६ | ० | ० | २ | |
| ५ | मुखिया | ३ | प्रशासन | १ | ० | १ | ० | ० | ० | |
| जम्मा | | | | ३० | २ | १५ | ० | २ | १३ | |

वडा सचिवको पदपूर्ति विवरण २०८१ असार सम्म

| वडा संख्या | वडा सचिवको दरबन्दि | वडा सचिवको पदपूर्ति | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|
| १५ | १५ | १० | ५ | प्राविधिकहरुलाई पनि वडा सचिवको जिम्मेवारी दिइएको |

| सेवा करारमा लिइएको विवरण २०८१ असार मसान्त सम्म | | | | | कैफियत |
|---|---|---|---|---|---|
| क्र.स. | करारमा लगाइएको पद विवरण | कर्मचारी संख्या | यस वर्षको खर्च | दायीत्व सिर्जना | |
| १ | ईन्जिनियर | १ | | आन्तरिक | |
| २ | सव-ईन्जिनियर नगरपालिका | २ | | आन्तरिक | |
| ३ | अ.स.ई. वडामा कार्यरत | २ | | आन्तरिक | |
| ४ | सहायक कम्प्यूटर अपरेटर | २ | | आन्तरिक | |
| ५ | ह. सवारी चालक | ३ | | आन्तरिक | |
| ६ | हेभि चालक | ३ | | आन्तरिक | |
| ७ | कार्यालय सहयोगी (नगरपालिकामा) | ६ | | आन्तरिक | |
| ८ | कार्यालय सहयोगी (वडा तर्फ) | १४ | | आन्तरिक | |
| ९ | ना.प्रा.स.(कृषि) वडा तर्फ | १० | | आन्तरिक | |
| १० | ना.प.से.प्रा.(भेटेरीनरी) वडा तर्फ | ९ | | आन्तरिक | |
| ११ | CBR सहजकर्ता/सामाजिक परिचालक | १ | | आन्तरिक | |
| १२ | नगर प्रहरी (अ.स.ई.) | १ | | आन्तरिक | |
| १३ | नगर प्रहरी हवल्दार | २ | | आन्तरिक | |
| १४ | नगर प्रहरी जवान | ८ | | आन्तरिक | |
| १५ | सव-ईन्जिनियर नगरपालिका | २ | | आन्तरिक | MWASH तर्फ |
| १६ | सामाजिक परिचालक (MWASH) तर्फ | २ | | आन्तरिक | |
| १७ | सामाजिक परिचालक वडा तर्फ | ३ | | आन्तरिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | कृषक सहजकर्ता नगरपालिकामा | १ | | आन्तरिक | |
| १९ | बगैचे(माली) | २ | | आन्तरिक | |
| २० | सरसफाईकर्ता | २ | | आन्तरिक | |
| २१ | अ.हे.ब. | १० | | आन्तरिक | स्वास्थ्य तर्फ |
| २२ | अ.न.मि. | १३ | | आन्तरिक | |
| २३ | का.स. | १५ | | आन्तरिक | |
| २४ | सूचना प्रविधि अधिकृत | १ | | संघीय | |
| २५ | सामाजिक परिचालक | १ | | संघीय | गरिव संग विश्वस्वर कार्यक्रम |
| २६ | रोजगार संयोजक | १ | | संघीय | रोजगार सेवा केन्द्र |
| २७ | प्राविधिक सहायक | १ | | संघीय | |
| २८ | रोजगार सहायक | १ | | संघीय | पञ्जिकरण शाखा |
| २९ | एम आइ एस अपरेटर | २ | | संघीय | |
| ३० | फिल्ड सहायक | १ | | संघीय | |
| ३१ | पोषण सहजकर्ता | १ | | संघीय | |
| ३२ | उद्यम विकास सहजकर्ता | २ | | संघीय | |
| ३३ | कार्यक्रम संयोजक (सामि) | १ | | संघीय | सामि कार्यक्रम |
| ३४ | सामाजिक परिचालक अधिकृत | १ | | संघीय | |
| ३५ | आप्रवासी स्रोतकेन्द्र परामर्शकर्ता | २ | | संघीय | |
| ३६ | मनोसामाजिक परामर्शकर्ता | १ | | संघीय | |
| ३७ | वित्तीय साक्षरता सहजकर्ता | १ | | संघीय | |
| ३८ | रिटर्नि स्यंसेवक | ३ | | संघीय | |
| ३९ | क्षयरोग मुक्त अभियान संयोजक | १ | | संघीय | |
| ४० | कृषि स्नातक अधिकृत | १ | | संघीय | |
| जम्मा | | १३६ | | | |

ज्यालादारी कर्मचारी र कामदार बाहेकका जम्मा करार कर्मचारीहरु १३६ जना २०८१ असार मसान्त सम्म

## १.५. वडा कार्यालयमा सेवा प्रवाहको स्थिति

वडा कार्यालयमा सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था

| विवरण | संख्या | भवन संरचना (पक्की/कच्ची) | स्वामित्व (आफ्नै वा भाडामा) | कैफियत |
|---|---|---|---|---|
| वडा कार्यालय भवन | १२ | पक्की | आफ्नै | ३ ओटा भाडामा रहेको |

माथी उलेखित तथ्याङ्क मध्ये वडा कार्यालय नं. ३, १० र १४ गत: आ.व.सम्म भाडामा रहेकोमम नगरपालिकाको लगानीबाट भवन निर्माण कार्य अघि बढेको छ ।

## १.६. वडा कार्यालयले प्रदान गर्ने सेवाको जानकारी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १२ बमोजिम वडा भित्रका योजना तर्जुमा, कार्यावयन तथा अनुगमन, तथ्याकं अद्यावधिक तथा संरक्षण, विकासका गतिविधि सञ्चालन, वडा भित्रका नियमन कार्य सञ्चालन, नागरिकता, नाता प्रमाणित लगायतका सिफारिस तथा प्रमाणित गर्ने र व्यक्तिगत घटना दर्ताको अभिलेख राख्ने जस्ता सेवाहरू प्रवाह गर्दछ।

आ.व. २०८०/८१ को बार्षिक समीक्षा गोष्ठीमा शाखागत र वडागत रुपमा बार्षिक वित्तिय तथा भौतिक प्रगतिको सारांशगत विवरण देहाय बमोजिम रहेको छ।

**१.७.आर्थिक प्रशासन ईकाइ :-** आ.व. २०८०/८१ को समग्र आर्थिक अवस्था देहाय वमोजिम रहेको छ

(रकम रु. हजारमा)

| सि.नं. | बजेटको स्रोत | स्रोत विवरण | कूल आम्दानी |
|---|---|---|---|
| १ | नेपाल सरकार | समानीकरण अनुदान | १०६९५० |
| २ | नेपाल सरकार | शसर्त अनुदान चालु | २६७६११ |
| ३ | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | १४७८२ |
| ४ | कर्णाली प्रदेश | समानीकरण अनुदान | ११३१६८ |
| ५ | कर्णाली प्रदेश | शसर्त अनुदान चालु | २६४६७ |
| ६ | कर्णाली प्रदेश | शसर्त अनुदान पुँजीगत | ६६१५ |
| ७ | कर्णाली प्रदेश | विषेश अनुदान चालु | २७३८ |
| ८ | कर्णाली प्रदेश | समपुरक अनुदान पुँजीगत | ६६७० |
| ९ | नेपाल सरकार | विशेष अनुदान पूँजीगत | ८३८५ |
| १० | राजस्व बाँडफाँड (संघीय + प्रदेश सरकार) | राजस्व बाँडफाँड | ७३४३२ |
| ११ | सडक बोर्ड | अन्य संघसंस्थाबाट प्राप्त | ५० |
| १३ | आन्तरिक श्रोत (अ. ल्या. समेत) | आन्तरिक श्रोत | ७६२७१ |
| | | जम्मा | ७१०४८१ |

**समग्र खर्च प्रगतिको अवस्था**

| रु. हजारमा | | | | |
|---|---|---|---|---|
| सि.नं. | शीर्षक | कूल बार्षिक बजेट | प्रगति | |
| | | | खर्च | खर्च (%) |
| १ | चालु | ५२३०५०९२५ | ४३२३५७८४९।१७ | ८२.६६ |
| २ | पूंजीगत | २४४३१७०७१ | १८६१२९९९०।४९ | ७६.१८ |
| | कुल जम्मा | ७७०४६७९९६।०० | ६१८५११८४६।१७ | ८०.५९ |

प्रस्तुत तथ्याङ्क अनुसार आ.व. २०८०/८१ को कूल बजेटको ८०.५९% खर्च भएको देखिन्छ। जसमध्ये चालु बजेट खर्च तर्फ ८२.६६% र पूंजिगत खर्च तर्फ ७६.१८% मात्र खर्च भएको देखिन्छ। यसरी कूल बजेट खर्च अनुमानको तुलनामा खर्च कम हुनुका कारण कार्यक्रम तथा कार्यक्रमको लागि प्रस्तावित बजेटको बीचमा कम तालमेल हुनु, कार्यक्रमहरू वास्तविक लागत अनुमानमा आधारीत नभई अनुमानको आधारमा बजेट प्रस्ताव गरिनु ईत्यादी प्रमुख कारणहरु रहेको देखिन्छ।

**क्षेत्रगत बजेट बिनियोजनका आधारमा प्रगति विवरण**

| रु. हजारमा | | | | |
|---|---|---|---|---|
| सि.नं. | क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | २३५२५५०० | १७६२४६२२ | ७१.०९ |
| २ | सामाजिक विकास | ३५७३१३५०० | २८७६११९७५ | ८०.४८ |
| ३ | पूर्वाधार विकास | १६००३७०७१ | १३०२४१९७९ | ८१.३८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९६८६००० | १९२३३३१३ | ९७.०७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०९९५९५ | १६४६९२७५७ | ७८.४५ |
| | कुल जम्मा | ७७०४६७९९६ | ६१८५११८४६।१७ | ८०.२७ |

नगरपालिकाको विकासलाई समानुपातिक रुपमा विकास गर्नको लागि बजेटलाई विभिन्न ५ क्षेत्र (क्रमशः आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन र प्रशासनिक) मा विभाजन गरी बजेट बिनियोजन गर्ने गरिन्छ। यसरी बजेट विनियोजन गर्दा बजेटले सबै क्षेत्रलाई समेटी विकासमा जनसहभागिता बढी हुने, जनताले विकासको अनुभूति प्राप्त गर्ने, साधन श्रोतको उपयोग हुने र विकासलाई तुलना गर्न सहज हुन जान्छ जसले गर्दा पिछडीएका क्षेत्रलाई बढी प्राथमिकतामा राखेर बजेट बिनियोजन गर्न सहज हुन जान्छ।

## १.८. आ.व. २०८०/८१ मा नगरपालिकाको राजस्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका कर लगाउन पाउने व्यवस्था बमोजिम दफा ५५ देखि ६२ सम्मका सम्पत्तिकर, मालपोत, घरजग्गा बहाल कर, व्यबसाय कर, बहाल विरौटी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क, नदीजन्य पदार्थ लगायतका कर उठाउन सक्ने व्यवस्था रहेको छ र सोहि बमोजिम यस नगरपालिकाले पनि करहरूको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क उठाउने गरेको छ।

**वडा गत राजस्वको विवरण**

| वडा न. | राजस्व असुली रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|
| १ | १५३४२० | |
| २ | ६०३०६७ | |

| | | |
|---|---|---|
| ३ | १८७०६० | |
| ४ | १७२७५५ | |
| ५ | २३७१४६ | |
| ६ | ३८३५२१ | |
| ७ | १३९२०९ | |
| ८ | २०९१३९ | |
| ९ | १६८३०२ | |
| १० | २४३५१४ | |
| ११ | १७५३०८ | |
| १२ | २६७४६० | |
| १३ | ३५११०४ | |
| १४ | २१६२९१ | |
| १५ | ३२८०६५ | |
| पालिका | १०४३६८८३ | |
| जम्मा | १,५६,५२,८४८ | |

## आन्तरिक शीर्षकगत विवरण

| सि.नं. | आम्दानी शीर्षक | यथार्थ आम्दानी |
|---|---|---|
| १ | सम्पति कर | ६,२६,०१५.३९ |
| २ | भुमिकर/मालपोत | ५२,९५,९१६.०६ |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | ६,११५.०० |
| ४ | वहाल कर | १६,५१,२८६.१७ |
| ५ | वहाल विटौरी कर | २१,२५०.०० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ३४,९५०.०० |
| ७ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | २,५००.०० |
| ८ | कृषितथा पुशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने | १०,५८५.०० |
| ९ | अन्य कर | ७,४७,२७८.५३ |
| १० | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | १,०००.०० |
| ११ | अन्य बिक्रीबाट प्राप्त रकम | ६,०४,६२०.०० |
| १२ | विद्युत सेवा शुल्क | ९,४५०.०० |
| १३ | अन्य सेवा शुल्क तथा बिक्री | २,६४०.०० |
| १४ | न्यायिक दस्तुर | ५,२२५.०० |
| १५ | शिक्षा क्षेत्रको आम्दनी | ८०,५२०.०० |
| १६ | परीक्षा शुल्क | १८,९००.०० |
| १७ | यातायात क्षेत्रको आम्दानी | ३,६००.०० |

| सि.नं. | आम्दानी शीर्षक | यथार्थ आम्दानी |
|---|---|---|
| १८ | अन्य प्रशासनिक सेवा शुल्क | १,३३,०१९.०० |
| १९ | नक्सापास दस्तुर | ६,३२,६४०.२९ |
| २० | सिफारीश दस्तुर | २६,०६,७३५.३६ |
| २१ | व्यक्तिगत घटना दस्तुर | ३,३१,०७०.०० |
| २२ | नाता प्रमाणित दस्तुर | १,६७,९००.०० |
| २३ | अन्य दस्तुर | ५५,१४०.०० |
| २४ | व्यावसाय राजिष्ट्रेशन दस्तुर | ७२,९५०.०० |
| २५ | विद्युत सम्बन्धी दस्तुर | १,४००.०० |
| २६ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | २,००००.०० |
| २७ | अन्य क्षेत्रको आय | १०,६६०.०० |
| २८ | न्यायिक दण्ड,जरिवाना र जफत | ५,५१६.०० |
| २९ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २२,८९७.८४ |
| ३० | अन्य राजस्व | १,३५,३४५.०० |
| ३१ | व्यवसाय कर | २,९४,३४५.०० |
| ३२ | बेरुजु | २३,६५,७१७.०० |
| | **जम्मा** | **१५६५९१८६.६४** |

**७८.२९%**

अनुमानित गरेको राजस्व भन्दा कम राजस्व उठेको विवरण यस तथ्याङ्कले देखाएको छ। यसो हुनुमा विस्तृत अध्ययन, अनुसन्धान नगरी राजश्व अनुमान गरिनु, करदाता शिक्षाका लागु नहुनु, करको दरभन्दा दायरा बढाउन तर्फ विशेष ध्यान नदिनु, प्राय: जसो व्यवसायहरू करमा समावेश नगरिनु जस्ता कारणहरू समेत रहेको देखिन्छ।

## १.९. आन्तरिक लेखापरीक्षण ईकाइ

यस शाखाको गठन नगरपालिकाको उदेश्य र क्रियाकलापलाई ध्यानमा राखी सङगठनभित्रकै जनशक्तिबाट आर्थिक कारोबारको विस्तृत रूपमा जाँच गरि आलोचना गर्ने, ब्यवस्थापकलाई सुझाब प्रदान गर्ने र आवश्यक सुधारको पहल गर्न नगरपालिकामा छुट्टै आन्तरीक लेखापरीक्षण ईकाइको स्थापना भएको छ। यस शाखाको मूख्य उद्देश्य नियमितता, गणितीय शुद्धता, बजेट सिमा, आन्तरिक नियन्त्रण प्रणाली र कानुनको परिपालना जस्ता विषयलाई मूख्य रुपमा हेर्ने गर्दछ। आन्तरिक लेखापरीक्षण सामन्यत: मासिक, त्रैमासिक वा बार्षिक रूपमा गर्ने गरिन्छ।

## १.१०. सूचना तथा प्रविधि ईकाइ

गुणस्तरिय सेवाका लागि सूचना तथा संचार प्रविधिको प्रयोगवाट चुस्त दुरुस्त सेवा नागरिकहरुलाई छिटो छरितो तवरबाट प्रदान गर्न र जनताको नजिक भएर स्थानीय निकायहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग तथा सूचना प्रवाहका लागि यो शाखाको स्थापना गाउँपालिकामा भएको छ।

कार्यालयका चिठी, प्रतिवेदन, फारम, गतिविधि, योजना, वैठकका निर्णय लगायत विविध विषयहरुलाई कम्प्यूटरमा प्रविष्ट गरि मागेको समयमा सूचना दिनु, कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाईट, एसएमएस मार्फत सूचना प्रवाह गर्नु यस शाखाको मूख्य कार्य रहेको छ।

आ.व. २०८०/८१ मा यस शाखाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| मुख्य कार्यहरु |
|---|
| आर्थिक ऐन , नीति तथा कार्यक्रम , वजेट व्यक्तव्य अध्यावधिक |
| राजश्व सफ्टेयर अध्यावधिक। |
| पालिकाको वेवसाइटमा सवै कार्यपालिका बैठकहरु /ऐन,नियम,कार्यविधिहरु अध्यावधिक |
| बिभिन्न सञ्चार मध्यमको प्रयोग गरि सूचना प्रकाशन। |
| LISA र FRA को नतिजा प्रकाशन |
| त्रैमासिक स्वत प्रकासन |
| सम्पत्ती विवरण अध्यावधिक |
| web base अध्यावधिक |
| नगरपालिकानेटवार्किंग विस्तार /मर्मत |
| विभिन्न बैठकहरुलाई विभिन्न संचार माध्यमको सहयोगमा प्रत्यक्ष प्रशारण |

## १.११. न्याय कानुन तथा मानव अधिकार प्रबर्धन ईकाइ (न्यायिक समिति)

नेपालको संविधानको धारा २१७ मा व्यबस्था भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद र ८ मा स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था छ। सो ऐनको दफा ४७ मा न्यायिक समितिलाई १३ वटा विवादको निरुपण गर्ने र १० वटा विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ।

स्थानीय तहमा यसरी कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक तिनै किसिमको कार्य गर्ने व्यवस्था नेपालको संविधान २०७२ ले ल्याएको हो। यसरी स्थानीय तहमै स–साना विवाद निरुपण हुदाँ अदालतमा कार्यचाप घट्ने, स्थानीय बासिन्दालाई नगरपालिका प्रति अपनत्व बोध हुने अनावश्यक खर्चबाट बच्न सहज हुन्छ।

आ.व. २०८०/८१ मा यस नगरपालिकामा रहेको न्यायिक समितिले गरेको न्यायसम्पादनको विवरण देहाय बमोजिम रहेको छ।

| गत: बर्षको अ.ल्या. संख्या | आर्थिक वर्ष २०८०/८१ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ७ | २७ | २७ | ५ | ० | २ | ० |

गाउँ-घरमा घटेका साना-तीना विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्न सहज र सजिलो हुने हिसाबले आ.व. २०८०/८१ मा नगरपालिका उप - प्रमुख तथा वडा नं. १ देखि १५ का मेलमिलाप केन्द्रका सहजकर्ताहरु समेत कूल ५० जनालाई ५ दिने न्याय सम्पादन सम्बन्धी तालिम दिईएको थियो।

## १.१२. पञ्जिकरण ईकाइ

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध बिच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन लगायतका कार्य पञ्जिकरण शाखाको मातहतमा वडा सचिवहरूले गर्ने गर्दछन। हाल नगरपालिकामा अनलाइन प्रणालीबाट घटना दर्ता गर्ने गरीएको छ। गत आ.व.मा यस नगरपालिकामा १७५५ वटा घटना दर्ता भएको देहायको तालिकाले देखाएको छ।

| पञ्जिकरणको क्षेत्र/वडा नं. | जन्मदर्ता | मृत्युदर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाइसराई दर्ता संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५२ | २८ | २८ | २ | १६ | १२६ |
| २ | ६५ | ३५ | १८ | ५ | २१ | १४४ |
| ३ | ३५ | १४ | १३ | ४ | ७ | ७३ |
| ४ | ३१ | १३ | ७ | १ | ८ | ६१ |
| ५ | ४६ | १९ | १८ | ३ | ९ | ९५ |
| ६ | ७० | २७ | ३१ | २ | ५ | १३५ |
| ७ | ६४ | २० | २३ | ३ | ८ | ११८ |
| ८ | ५७ | १४ | १४ | २ | १६ | १०३ |
| ९ | ७७ | १८ | २३ | ९ | ९ | १३६ |
| १० | ५६ | १७ | १६ | ४ | ११ | १०४ |
| ११ | ८९ | १८ | २५ | १ | १४ | १४७ |
| १२ | ७४ | १६ | २२ | २ | ५ | ११९ |
| १३ | ८७ | १६ | ३१ | १ | १२ | १४७ |
| १४ | ७५ | १३ | ३१ | ० | ९ | १२८ |
| १५ | ६३ | २४ | १५ | २ | १५ | ११९ |
| जम्मा | ९४१ | २९२ | ३१५ | ४१ | १६६ | १७५५ |

## १.१३. कार्यपालिका र वडा स्तर बैठक सम्बन्धी

कार्यालयमा कुनै पनि महत्वपूर्ण विषयमा छलफल गर्न वा महत्वपूर्ण निर्णय गर्नको लागि सो क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सुझाव वा जानकारीका लागि बैठक बस्ने गर्दछ। यसरी बैठक बसेपछि सो को अभिलेख राख्ने गरिन्छ। हरेक नगरपालिकामा नगरसभाको बैठक सामान्यतया वर्षको २ पटक बस्ने गर्दछ। नगरसभाले बजेट अधिवेशनमा आगामी आ.व.को लागि बजेट ल्याउने र हिउँदे अधिवेशनमा कुनै कारणबस सञ्चालन हुन नसकेका योजनाहरू संशोधन गर्ने र नपुग शीर्षकमा कानुन बमोजिम रकमान्तर गर्ने र आवश्यक कानून (ऐन तथा रणनीतिक योजना) निर्माण पारित गर्ने गर्दछ। कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने गर्दछ। कार्यपालिकाले काम गर्ने क्रममा देखा परेका समस्या समाधानका लागि निर्णयहरू गर्ने गर्दछ। साथै विषयगत समितिको बैठक आवश्यकता अनुसार बस्ने व्यवस्था रहेको छ। यसरी आ.व. २०८०/८१ मा यस नगरपालिकामा बसेको बैठकको विवरण देहाय वमोजिम उल्लेख रहेको छ।

| सि.नं. | बैठकको विवरण | बैठक संख्या |
|---|---|---|
| १ | नगरसभा | २ पटक |
| २ | कार्यपालिका | १३ पटक |
| ३ | खरिद मूल्याङ्कन समिति | १५ पटक |
| ४ | विषयगत तथा अन्य बैठक | १४ पटक |
| ५ | वडा कार्यालय | १२×३६ पटक |
| ६ | विविध | १३ |

## १.१४. उजुरी पेटीका/गुनासो सुनुवाई

नागरिकका गुनासोलाई सम्बोधन गरी जनमैत्री सेवा प्रवाह गर्नका लागि गाउँपालिकामा गुनासो दर्ताका लागि उजुरी पेटीका- १ तथा नगरपालिकाको Website मा रहेको Apps बाट समेत गुनासोहरू सुन्ने र दर्ता गर्ने गरिएको छ। आ.व. २०८०/८१ मा कूनै पनि गुनासाहरू दर्ता भएको देखिएन। गत आ.व. नगरपालिकाले वडास्तरीय र नगरपालिका स्तरीय गरी ६ वटा सार्वजनिक सुनाई गरेको छ।

## १.१५.जिन्सी व्यवस्थापन ईकाइ

जिन्सी व्यवस्थापन ईकाइअन्तर्गत यस कार्यालयमा तपशिल बमोजिमका सामान/सामाग्रीहरु रहेको देखिन्छ :-

म.ले.प.फारम नं: ४१३
साबिकको फारम नं: ५७

स्थानीय तह
शारदा नगरपालिका
कार्यालय कोड नं: ८०१०६६००३
जिन्सी मौज्दातको विस्तृत बार्षिक विवरण
आर्थिक वर्ष: २०८०.८१

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| १ | | ६११२३११००३ | दराज | पिस | ३७ | | ४३५,२०८.०० | |
| २ | | ६११२२२२००२ | ल्यापटप | पिस | ४५ | | ४.०५३.३३१.०० | |
| ३ | | ६१११२१०९००२ | स्कुटर | संख्या | ३ | | ६८९,११५.०० | |
| ४ | | ६११२२२३१५५ | Fan | थान | १० | | ३४.३५०.०० | |
| ५ | | ६११२२२३०२१ | स्टेबिलाइजेर | पिस | ८ | | २३६,७५३.०० | |
| ६ | | ६११२२२२००६ | प्रोजक्टर | पिस | ३ | | १५३,५३९.०० | |
| ७ | | ६११२२११०१६ | संचार मोवाइल बेस सेट | संख्या | १ | | ३६,९७२.०० | |
| ८ | | ६११२३११०९९ | म्याट्रेस | संख्या | ६५ | | ६७,६००.०० | |
| ९ | | ६११२२२२०११ | ट्यावलेट | पिस | ५ | | १७९,२००.०० | |
| १० | | ६११२११०००२ | जिप | संख्या | १ | | ३,००४,४२५.०० | |
| ११ | | ६११२२३२००६ | सिलाई मेशिन | संख्या | १७ | | २९७,५००.०० | |
| १२ | | ६११२११०००४ | पिकअप | संख्या | १ | | ५,३९८,२३०.०० | |
| १३ | | ६११२२२२००३ | प्रिन्टर | पिस | ४८ | | १,०६३,०९२.०० | |
| १४ | | ६११२२२२००४ | फोटोकपी मेशिन | पिस | ४ | | १४५,०००.०० | |
| १५ | | ६११२२३१५२६ | Liquid Nitrogen Container | थान | १ | | ३१,९००.०० | |
| १६ | | ६११२२२३०२२ | डिजिटल फ्रेम बार्ड(डयास वोर्ड) | पिस | ५९.५३५ | | ७५२,१२४.०० | |
| १७ | | ६११२३११०५३ | साईड टेबल | पिस | १ | | ४,०००.०० | |
| १८ | | ६११२२२४०२७ | माइक्रो फोन | संख्या | १ | | ९,०००.०० | |

केशव बहादुर ढुङ्गाना
योजना अधिकृत (छैठौं)

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| १९ | | ६११२२२१००४ | साइन बोर्ड | पिस | ३ | | २५,४५०.०० | |
| २० | | ६११२२२३००७ | फ्रिज | पिस | २ | | ५१,००५.०० | |
| २१ | | ६११२३११०३८ | डाइनिङ टेवुल | संख्या | ३ | | १९३,०००.०० | |
| २२ | | ६११२२२३०५४ | सोलार बत्ती सिष्टम | संख्या | २२ | | ३,४७७,२७३.०० | |
| २३ | | ६११२२३३००१ | एक्जाभेटर | पिस | १ | | ९,७९९,०००.०० | |
| २४ | | ६११२२२१०१३ | हाजिर मेशिन | पिस | ६ | | १३२,०००.०० | |
| २५ | | ६११२२३३०४१ | अन्य निर्माण सम्वन्धि उपकरण | संख्या | १ | | २३४,५१३.०० | |
| २६ | | ६११२२११०२४ | LED Display | संख्या | २ | | १९,६००.०० | |
| २७ | | ६११२२३३०११ | ब्रेकर | पिस | १ | | ८८४,९५६.०० | |
| २८ | | ६११२२११०१५ | क्यामेरा फ्लायस | संख्या | १ | | २६,५४९.०० | |
| २९ | | ६११२२३१०२७ | Cool Box | संख्या | १० | | ८७,६१०.०० | |
| ३० | | ६११२३११००२ | कुर्चि | पिस | १६६ | | १,००७,१०३.०० | |
| ३१ | | ६११२२२२००१ | डेस्कटप कम्प्युटर | पिस | ३५ | | २,१२३,९२४.०० | |
| ३२ | | ६११२३११०१३ | टि टेवल | संख्या | १८ | | ५०,४९५.०० | |
| ३३ | | ६११२२११०१३ | हार्ड ड्राईभ | संख्या | ४ | | ६१,७००.०० | |
| ३४ | | ६११२३११०१८ | खाट पलङ लोबेड | पिस | १६ | | २६४,०१५.०० | |
| ३५ | | ६११२२२२०१५ | कम्प्युटर मदरवोर्ड | संख्या | ९ | | ६९,०७९.०० | |
| ३६ | | ६११२२२४००६ | मोबाइल | पिस | १ | | ४९,०००.०० | |
| ३७ | | ६११२२११०८६ | LED Indicator Panel | सेट | १ | | २८,३४०.०० | |
| ३८ | | ६११२२२१०८७ | फ्लेक्स बोर्ड | संख्या | १ | | ३,०००.०० | |
| ३९ | | ६११२२२१००१ | पानी फील्टर | संख्या | ३ | | २८,७१५.०० | |
| ४० | | ६११२२११००४ | डिजिटल क्यामेरा(Digital Camera) | संख्या | २ | | २७५,५००.०० | |
| ४१ | | ६११२२२२०३१ | डिजिटल डिस्प्ले बोर्ड | संख्या | ३ | | ४८०,०००.०० | |
| ४२ | | ६११२२२३०७५ | साईरन | पिस | १ | | १३,५००.०० | |
| ४३ | | ६११२२२३००८ | भ्याकुम क्लिनर | पिस | ४ | | ५७,६७२.०० | |

केशब बहादुर बुढाथोकी
योजना अधिकृत (छैठौं)

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | जिन्सी न | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| ६९ | | ६१११२२३१०९२ | थोईङ्ग किट | संख्या | १ | | ३२,५००.०० | |
| ७० | | ६१११२२२४००४ | कन्भर्टर | पिस | ५ | | ७,२५०.०० | |
| ७१ | | ६१११२१०९००१ | मोटर साइकल | संख्या | ३७ | | ९,७०३,१०२.०० | |
| ७२ | | ६१११२३११००९ | स्टिल दराज | पिस | १७ | | १७९,३८९.०० | |
| ७३ | | ६१११२२३३०७६ | ठेला गाडा (wheelbarrow) | संख्या | २ | | १५,०००.०० | |
| ७४ | | ६१११२२११०११ | जिपिएस मेशिन | पिस | २ | | ९२,०००.०० | |
| ७५ | | ६१११२३११०१४ | कम्प्युटर टेबल | संख्या | १ | | ८,३००.०० | |
| ७६ | | ६१११२२२२०५४ | HDD(Internal Hard Drive) | संख्या | २ | | ५२,३००.०० | |
| ७७ | | ६१११२२२३००६ | पम्प(पानी तान्ने) | पिस | | | ०.०० | |
| ७८ | | ६१११२२११०३५ | ड्रोन क्यामारा(Drone Camera) | पिस | १ | | ३६६,३७२.०० | |
| ७९ | | ६१११२३११०२६ | काठको दराज | संख्या | १ | | ३४,४००.०० | |
| ८० | | ६१११२३११०४१ | किचेन रयाक/Kitchen rack | संख्या | २ | | १५,०००.०० | |
| ८१ | | ६१११२२२२००७ | फ्याक्स मेशीन | पिस | १ | | १८,४९६.०० | |
| ८२ | | ६१११२२२७३०७ | Sanitary Burning Machine | पिस | २ | | ५३,१००.०० | |
| ८३ | | ६१११२३११०१५ | बेन्च | पिस | ३ | | ७,४५८.०० | |
| ८४ | | ६१११२३११०५२ | White Board(ह्वाइट बोर्ड) | पिस | १२ | | ४३,१००.०० | |
| ८५ | | ६१११२३११०४३ | कुशन मेच | संख्या | १५ | | ५,२५०.०० | |
| ८६ | | ६१११२२२३०३७ | इन्भरटर | संख्या | ८ | | २२३,६५६.०० | |
| ८७ | | ६१११२२३३०९५ | ब्याकहो लोडर (back hoe loade | पिस | १ | | ३,४२५,०००.०० | |
| ८८ | | ६१११२२२३०५२ | प्यानल बोर्ड | संख्या | | | ०.०० | |
| ८९ | | ६१११२३११०५४ | फाईलिङ क्याबिनेट | पिस | १२ | | २७१,५००.०० | |
| ९० | | ६१११२२३२००१ | अन्य औधोगिक तथा उत्पादनका उपकरण | संख्या | ६ | | १२,६००.०० | |
| ९१ | | ६१११२२२२०२३ | Smart Card Bio Login Device | संख्या | १ | | १५,८२७.०० | |
| ९२ | - | ६१११२२२३०१० | ब्याट्री(Battery BDC) | पिस | ६७ | | ८,३३९,१६९.०० | |
| ९३ | | ६१११२३११०५६ | भिजिटर चेयर(Visitor Chair) | पिस | १३ | | ६१,५००.०० | |

केशब बहादुर बुढाथोकी
योजना अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| ४४ | | ६११२२२२००९ | मोनिटर | पिस | ४ | | ५१,४२२.०० | |
| ४५ | | ६११२२२८००१ | खेलकुद उपकरण | पिस | २ | | १२,०००.०० | |
| ४६ | | ६११२३११००६ | सोफासेट | पिस | १२ | | ५५४,१००.०० | |
| ४७ | | ६११२३११०१९ | न्याक | पिस | २३ | | ४२२,८०४.०० | |
| ४८ | | ६११२२२३०१३ | सोलार प्यानल | पिस | १३ | | २५८,६००.०० | |
| ४९ | | ६११२२२१०५५ | ग्यास चुल्हो | संख्या | २ | | ९,३००.०० | |
| ५० | | ६११२३११००५ | कार्पेट | पिस | ६० | | ३४,३११.०० | |
| ५१ | | ६११२३११०२८ | स्टील दराज | संख्या | १ | | २५,०००.०० | |
| ५२ | | ६११२२११००९ | सिसिटिभी क्यामरा | पिस | ४ | | २४,०००.०० | |
| ५३ | | ६११२२२३०७० | बिजुलीको पोल | संख्या | २८६ | | ४,९१८,१८४.०० | |
| ५४ | | ६११२३११०५० | थ्रि सिटर(Three Seater) | पिस | ११ | | १९२,५००.०० | |
| ५५ | | ६११२२३३०१० | ट्रिपर | पिस | १ | | २,३४५,१३३.०० | |
| ५६ | | ६११२२२३०४१ | गिजर | संख्या | १ | | १०,०००.०० | |
| ५७ | | ६११२२२३०५१ | विद्युतीय उपकरण | संख्या | २ | | २३,८९४.०० | |
| ५८ | | ६११२२३५०४२ | अन्य सुरक्षा सम्वन्धि उपकरण | संख्या | २ | | २८,९५५.०० | |
| ५९ | | ६११२२११०२६ | अन्य सूचना कम्प्युटर तथा दुरसंचार सामान | संख्या | ३ | | ३४५,०००.०० | |
| ६० | | ६११२२३३०५१ | Tractor | संख्या | १ | | १,५२२,१२४.०० | |
| ६१ | | ६११२२२३००९ | यु पि एस | पिस | २ | | ३२,२९५.०० | |
| ६२ | | ६११२२११००५ | क्यामरा लेन्स | संख्या | २ | | १६७,१२७.०० | |
| ६३ | | ६११२३११०५१ | Notice Board(नोटिस/सूचना बोर्ड) | पिस | २४ | | ७५,३००.०० | |
| ६४ | | ६११२२२३००१ | हिटर | पिस | ६ | | २१,०००.०० | |
| ६५ | | ६११२२२८००७ | अन्य खेलकुद उपकरण | संख्या | | | ०.०० | |
| ६६ | | ६११२२११०४२ | Video Capture Card | पिस | १ | | ८५,०००.०० | |
| ६७ | | ६११२२२३०३२ | चेन्च ओभर | संख्या | | | ०.०० | |
| ६८ | | ६११२३११०९६ | टेवल | संख्या | १ | | ८,५००.०० | |

केशब बहादुर ढुङ्गायोकी
योजना अधिकृत (छैठौं)

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| ९४ | | ६११२२११०२९ | क्यामरा स्टेन्ड | संख्या | १ | | ८,०००.०० | |
| ९५ | | ६११२२२१०३५ | गेटहरु | संख्या | १ | | ७,०००.०० | |
| ९६ | | ६११२३११०७० | फोल्डिङ्ग भर्याङ् | थान | २ | | ३१,५०४.०० | |
| ९७ | | ६११२२२३०१४ | वासिङ मेसिन | संख्या | १ | | ८८,४५०.०० | |
| ९८ | | ६११२३११००१ | टेवुल | पिस | ४८ | | ६४८,८५०.०० | |
| ९९ | | ६११२३११०३३ | फर्निचर | संख्या | १ | | २१,०००.०० | |
| १०० | | ६११२१०००१९ | Tyre Inflator | पिस | २ | | ३५,४००.०० | |
| १०१ | | ६११३४११००३ | सफ्टवेयर | पिस | ५ | | १,३५६,२५५.०० | |
| १०२ | | ६११२३११०३० | क्याविनेट/काउन्टर | संख्या | ८ | | २३८,५००.०० | |
| १०३ | | ६११२२११००१ | टेलिभिजन | संख्या | १८ | | ६५२,८५०.०० | |
| १०४ | | ६११२२२६०६३ | साउन्ड सिस्टम बक्स | संख्या | १ | | १५,०००.०० | |
| १०५ | | ६११२२३१०४५ | अन्य प्रयोगशाला उपकरण | संख्या | | | ०.०० | |
| १०६ | | ६११२२३०००२ | पुस्तक | पिस | ५ | | ५,०००.०० | |
| १०७ | | ६११२२१११०९ | speaker Set | संख्या | ३ | | ७५,०००.०० | |
| १०८ | | ६११२२२२०१६ | अन्य कम्प्युटर उपकरण | संख्या | २ | | १५,६००.०० | |
| १०९ | | ६११२२३६०४१ | Burdizzo castetar | पिस | ९ | | १५२,०००.०० | |
| ११० | | ६११२१०३००१ | टयाक्टर | संख्या | | | ०.०० | |
| १११ | | ६११२२२७२७५ | Tonometer | पिस | | | ०.०० | |
| ११२ | | ६१११२०१००१ | कार्यालय भवन | संख्या | ५ | | | |
| ११३ | | ६१४१११२००१ | जमिन | मीटर | १५ | | | |
| जम्मा | | | | | १४२९.५३४९९९९९९९९९ | | ७३,५३३,५६५.०० | |

फाँटवालाको दस्तखतः
नामः केशब बहादुर बुढाथोकी
पदः
मितिः २०८१/९/२

केशब बहादुर बुढाथोकी
योजना अधिकृत (छैठौं)

शाखा प्रमुखको दस्तखतः
नामः नविन मल्ल
पदः
मितिः

कार्यालय प्रमुखको दस्तखतः
नामः
पदः
मितिः

प्रमुख प्रशासकीय अधिकृत

## १.१६. आ.ब. २०८०/०८१ मा निर्माण भएका कानूनहरु

| | | |
|---|---|---|
| शारदा नगरपालिकाको अनुदान शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा परिचालन कार्यविधि | २०८०।०३।१४ | २०८०।०३।१७ |
| शारदा नगरपालिकाको कार्यविभाजन नियमावली २०८१ | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा नगरपालिकाको कार्य सम्पादन नियमावली २०८१ | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा नगरपालिकाको कानुन निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण सम्बन्धी नियमावली २०८१ | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा गरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धी कार्यविधि | २०८१।०२।१४ | २०८१।०२।२१ |
| नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा नगरपालिकाको खानेपानी गुणस्तर अनुगमण निर्देशिका | २०८०।१२।२५ | २०८०।१२।२९ |
| खानेपानी क्षेत्रगत शुसासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वनयन ऐन | २०८०।०३।०६ | २०८०।०३।०९ |
| शारदा नगरपालिकाको आर्थिक ऐन | २०८०।०३।१० | २०८०।०३।१२ |
| शारदा नगरपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि | २०८१।०२।१४ | २०८१।०२।२१ |
| शारदा नगरपालिकाको न्यायिक समिति ऐन | २०८०।०९।२९ | २०८०।१०।०२ |
| शारदा नगरपालिकाको बातावरण तथा प्राकृतिक श्रोतको संरक्षण ऐन | २०८०।०९।२७ | २०८०।०९।२९ |
| शारदा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन | २०८०।०९।२७ | २०८०।०९।२९ |
| शारदा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित ऐन | २०८०।०९।२७ | २०८०।०९।२९ |
| शारदा नगरपालिकाको कर्मचारी कल्यान कोष सञ्चालन कार्यविधि | २०८१।०६।१५ | २०८१।०६।१८ |
| खुल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि | २०८१।०९।२७ | २०८१।०९।२९ |
| विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम कार्यविधि | २०८१।०६।१८ | २०८१।०६।२० |
| उपप्रमुख कोसेली कार्यक्रम सञ्चालन कार्यविधि | २०८१।०६।१८ | २०८१।०६।२० |
| महिला स्वास्थ्य संयम सेविका व्यवस्थापन कार्यविधि | २०८१।०६।१८ | २०८१।०६।२० |
| आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्यविधि | २०८१।०६।१८ | २०८१।०६।२० |
| व्यक्तिगत सरसफाई तथा हात स्वच्छता कार्यविधि | २०८१।०६।१८ | २०८१।०६।२० |
| सुरक्षित खानेपानी यूक्त समुदाय घोषणा निर्देशिका | २०८१।०६।१८ | २०८१।०६।२० |
| सामुदायिक विद्यालयहरुमा शिक्षक (बालविकास, आधारभूत र माध्यमिक ), कममचारीहरु को दरबन्दी कायम तथा यमलान, काज सरुवा एँव कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०८० | | |

# २. आर्थिक विकास शाखा

## २.१. कृषि विकास ईकाइ

नगरपालीकाको आर्थिक विकासको हिसाबले कृषि शाखा मेरुदण्डका रुपमा रहेको छ । नगरपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा संलग्न रहेका छन्। यस क्षेत्रमा कृषि उत्पादनमा मकै, धान, गहुँ, तरकारी आदी प्रमुख रुपमा रहेका छन्। मिनिटिलर सञ्चालन तथा मर्मत सम्बन्धी ३ दिने तालिम सञ्चालन तथा व्यवस्थापन कार्यक्रम मार्फत नगरका ३० जना कृषकहरुले ३ दिनसम्म प्रयोगात्मक कक्षा लिई सिक्ने अवसर प्राप्त गरेका थिए। तालिम कार्यक्रममा प्रशिक्षकको रुपमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ सल्यानका मेकानिकबाट प्रशिक्षित गराईएको थियो। यस कार्यक्रमको सञ्चालन पश्चात मिनिटिलर ट्राक्टरको सामान्य मर्मत तथा सम्भार कृषक आफैले गरी ट्राक्टर मर्मत गराउँदा कृषकहरुले भोग्नुपर्ने समस्याहरुको निराकरण भएको छ । कृषि ईकाइबाट चालु आ.व.मा सम्पन्न भएका

कार्यक्रमहरुको वित्तिय प्रगति ६६.४८% र भौतिक प्रगित ९२.१७% रहेको छ साथै प्रमुख कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :-

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | निशुल्क च्याउको विउ वितरण तथा तालिम सञ्चालन कार्यक्रम अन्तर्गत च्याउको विउ प्राप्त गरेका कृषकहरुकोमा अनुगमन |
| २ | सुन्तलाजात फलफुल बगैचा व्यवस्थापन तथा सुदृढीकरण तालिम तथा सामग्री वितरण कार्यक्रम अन्तर्गत सामग्री वितरण |
| ३ | वेमौसमि तरकारी खेतिका लागि बाँसको प्लाष्टिक घर निर्माणकार्यक्रम अन्तर्गत निर्मित प्लाष्टिक घरहरु बनाइएको |
| ४ | वडा कृषि प्राविधिकहरुलाई ४ दिने क्षमता अभिवृद्धी तालिम |
| ५ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम |
| ६ | नगरस्तरीय अगुवा कृषक तालिम अन्तर्गत  वेमौसमि तरकारी खेति विषयक तालिम सञ्चालन |
| ७ | कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम |
| ८ | धानवली प्रवर्दन कार्यक्रम |
| ९ | प्रमुख बालीहरुमा बाली कटानी |

## २.२. पशु  सेवा ईकाइ

शारदा नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा भनेको कृषि र पशुपालन क्षेत्र नै हो । यहाँका अधिकांस मानिसहरु कृषि र पशुपालन क्षेत्रलाई नै मुख्य पेशा ब्यवासय बनाएर घरखर्च चलाई रहेको अबस्था रहेको छ । भने यस पालिका भित्र बसोबास गर्ने युवा जनशक्ती पछिल्लो समयमा आएर कृषि र पशुपालन क्षेत्रमा ब्यावसायिककरण तर्फ उन्मुख भैरहेका छन । यहा प्राकृतिक रुपमा नै पशुपालन गर्न उपयुक्त हावापानी भोगोलिक क्षेत्र लगायत बजारीकरणको राम्रो सम्भाबना बोकेको पालिका हो। आ.ब. २०८०/०८१ मा नगरपालिकाले संचालन गरेको पशु सेवा सम्बन्धी मूख्य कार्यक्रमहरुको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | २९०५६ पशुपंछीहरुमा मेडिकल उपचार, माईनर सर्जिकल र थेरियोलोजिकल उपचार गरिएको। |
| २ | ३८७७२ ठूला साना पशुहरुलाई पि.पि.आर., रेविज, स्वाइन फिवर, खोरेत, लम्पी स्किन रोग नियन्त्रण खोप सेवा संचालन गरिएको। |
| ३ | प्राविधिकहरुको क्षमता अभिवृद्धि तालिम र औजार तथा सर्जिकल सेट वितरण। |
| ४ | पशु स्वास्थ्य शिविर संचालन। |
| ५ | हिउदे घाँस (जै, वर्षिम, भेच) र डाले घाँसको विरुवा तथा सेट वितरण |

पशु सेवा शाखाको प्रगति ८०.५५%  रहेको छ।

## २.३. सहकारी तथा गै .स .स. समन्वय ईकाइ

(१) आ.व.२०८०/ ८१ मा नयाँ दुई वटा सहकारी दर्ता गरिएको र १० वटा सहकारीहरु सूचीकृत गरिएको।

(२) सहकारी शाखा हेर्ने कर्मचारीलाई सहकारी विभागद्वारा copomis सम्बन्धी ३ दिने TOT र सहकारी

रजिष्टारद्वारा ७ दिने सहकारी व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको।

## २.४. गरिवी निवारणका लागि लघु उद्यम विकास ईकाइ

शारदा नगरपालिका क्षेत्र अधिकार भित्र रहेका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर गर्त व्यवसाय सम्बन्धि स्रोत,संकलन र सदूपयोगका लागि स्रोत सम्भाव्यता अध्ययन गरी उद्यमशिलताको माध्यमबाट गरिवीको रेखामूनि रहेका अति गरिव,गरिव र विपन्न समुदायका मानिसहरुको जिवन स्तरमा सुधार गर्ने लक्ष्यका साथ लघु उद्यमी सिर्जना गरी व्यवसायिक रुपमा सञ्चालन गर्ने उक्त स्थानीय स्तरमा रहेका निजी, साझेदारी व्यवसाय दर्ता, नविकरण,कारोबारो संसोधन,नाम संसोधन,कारोबार थप समेत कार्य गरिएको छ ।आ.व.२०८०/०८१ मा नगरपालिकाले सञ्चालन गरेको उद्यम,व्यवसाय सम्बन्धि मूख्य कार्यक्रमहरुको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | मूख्य कार्यको विवरण |
|---|---|
| १. | १७ जनालाइ एडभान्स सिलाईकटाई तालिम सञ्चालन। |
| २. | ५ जनालाई प्रविधि हस्तान्तरण। |
| ३. | ११ जनालाई साझा सुविधा केन्द स्थापन। |
| ४. | सिलाई मेसिन हस्तान्तरण। |
| ५. | १७ दर्ता,७२ नविकरण,३ नामसारी,७ पुजी वृद्धि,४ ठाउसारी,७ नाम परिवर्तन १६ खारेजी,७ सक्कलै फाइल घरेलु कार्यालयमा। |

प्रमुख कार्यहरु:-

| | लाभान्वित संख्या |
|---|---|
| एडभान्स सिलाईकटाई तालिम वडा नं. ४ र ८ | २१ |
| प्रविधि हस्तान्तरण वडा नं. ४ र ८ | २४ |
| समाजिक परिचालन वडा नं. २ र ७ | ३२९ |
| उद्यमशिलता विकास तालिम वडा नं. २ र ७ | ६८ |
| सिप विकास तालिम वडा नं. २ र ७ | ४७ |
| उपयुक्त प्रविधिमा पहूंच वडा नं. २ र ७ | ४७ |
| जम्मा | ५३६ |

## २.५. गरिबसंग विश्वेश्वर कार्यक्रम

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार शारदा नगरपालिका अन्तर्गतका गरिवसँग विशेश्वर कार्यक्रम अन्तर्गतको शिर्षकमा रकम रु २०००००।- (अक्षरेपी दुइ लाख) मात्र रकम विनियोजन भएकोमा सोही शिर्षकबाट शारदा नगरपालिका वडा नं १ का सामुदायिक संस्थाका सदस्यहरुलाई १० दिने मुडा बुनाई तालिम शारदा नगरपालिका वडा नं ०१, भगवतीखोला सल्यानमा मिति २०८१।०१।३० गते सञ्चलान भएको उक्त मुडा बुनाई तालिम मा १३ जना सहभागीहरुको संलग्नता रहेको थियो। उक्त मुडा बुनाई तालिमको उद्धघाटन शारदा नगरपलिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीबाट भएको थियो।

तालिमको उद्धेश्य

- गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गतको तालिमले समाजमा आर्थिक रुपमा पछि परेका महिलाहरुलाइ सिप प्रदान गरी जिवन उकास्नु।
- स्वरोजगार बन्न प्रेरित गर्नु।
- घरेलु उद्योगको स्थापना तथा प्रवद्धन।
- सामाजिक सहकार्य गर्न उत्प्रेरीत गर्नु ।

मुडा बुनाई तालिममा सहभागिता

शारदा नगरपालिका वडा नं १ का सामुदायिक संस्थामा संलग्न रहेका १३ जना महिलाहरु । बिष्णु शर्मा, खिमा शर्मा, सिता बुढाथोकी ,बर्षा चनारा ,चमेरी वि क, बसन्ती बस्नेत, सिता बिष्ट, शिव बुढाथोकी, जानकी बिष्ट, पुष्पा बुढाथोकी, कुन्ता गिरी ,पुर्णा कुमारी चनारा ,पम्फी परियार शारदा नगरपालिका गरिवसँग विश्वेश्वरका कार्यक्रम फोकल पर्सन तथा सहजकर्ताहरु

मुडा बुनाइ तालिमको प्रक्रिया र विधि

सहभागिहरुको नाम दर्ता ।

तालिमको उद्घाटन ।

परिचयात्मक कार्य ।

सहजकर्ता वा प्रशिक्षकहरुबाट विषय वस्तुमा छलफल ।

मुडा बुनाइ कार्यमा सहजकर्ताबाट सिप सिकाइमा सहजता तथा प्रशिक्षण

उपलब्धीहरु

सामुदायिक संस्थाका महिलाहरुलाइ तालिम प्राप्त गरी सिपको विकास भएको

सहभागिहरु मुडा बुनाइ तालिम प्राप्त गरी स्वरोजगार बन्न सक्षम भएका

समुहमा रही सहकार्य गर्दा एक आपसमा मैत्रीपूर्ण सम्बन्धको स्थापना भएको ।

निष्कर्ष

यस शारदा नगरपालिका अन्तर्गत गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत शारदा नगरपालिका वडा नं १ मा सञ्चालित मुडा बुनाई तालिम पश्चात सामुदायिका संस्थाका सदस्यहरुले एक आपसमा सहकार्य गर्न , स्वरोजगार बन्न प्रेरीत तथा सीप आर्जन गरी आत्म निर्भर भएको । उक्त कार्यक्रमको समापन नगर प्रमुख श्री प्रकाश भण्डारीले गर्नुभएको थियो ।

## २.६ प्रधानमन्त्री तथा मूख्यमन्त्री रोजगार कार्यक्रम :-

### २.६.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

नेपालको संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हक कार्यान्वयनको लागि रोजगारीको हक सम्बन्धी ऐन २०७५ ल्याएको छ। सोही ऐनले प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गरी स्थानीय तहमा रहेका वेरोजगार व्यक्तिहरुको पहिचान र सूचिककरण गर्ने र एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको सुनिश्चितता गर्ने भनि उल्लेख गरेको छ। सोही व्यवस्था बमोजिम स्थापित प्रधानमन्त्री रोजगार कार्यक्रम यस नगरपालिकामा पनि सञ्चालित रहेको छ। आ. व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट 105 जना व्यक्तिले १०० दिन रोजगारी पाउने गरी उक्त कार्यमा लगाई कार्यक्रम सम्पन्न भएको देखिन्छ। आ. व. २०८०।०८१ मा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगती देहाय बमोजिम रहेको छ।

| कूल वार्षिक रकम | खर्च | वित्तीय % | भौतिक % |
|---|---|---|---|
| ८८,६०,००० | ८२१७७२१ | ९२.७५ | ९३.५७ |

प्रमुख कार्यहरुः

| | | |
|---|---|---|
| | | मि. |
| क | बाटो | १२१६० |
| ख | नाली | २६३८ |
| ग | सल्याव | १०४ |
| | कूल | १४९०२ मि. |
| घ | भवन(विद्यालय) | २ कोठा |
| ङ | पोखरी | ५ वटा |
| च | ह्युम पाइप | ३ वटा |

### २.६.२ प्रधानमन्त्री रोजगार कार्यक्रम

**मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशको वेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउन मुख्यमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारले बनाएको मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ ले गरेको व्यवस्था बमोजिम स्थापित मुख्यमन्त्री रोजगार कार्यक्रम यस नगरपालिकामा पनि सञ्चालित छ। आ. व. २०८०।०८१ मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट 356 जना व्यक्तिले 50 दिन रोजगारी पाउनु पर्ने गरी उक्त कार्यमा लगाई कार्यक्रम सम्पन्न भएको देखिन्छ। आ. व. २०८०।०८१ मा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगती देहाय बमोजिम रहेको छ।

| कूल वार्षिक रकम | खर्च | वित्तीय % | भौतिक % |
|---|---|---|---|
| २२५०००० | १९४०६९९२ | ८६.२५ | ८९.६८ |

**प्रमुख कार्यहरुः**

| | | |
|---|---|---|
| | | मि. |
| क | बाटो | ६७२० |
| ख | सल्याव | ९३८ |
| ग | सिँचाई कूलो | ११०८ |
| घ | नाला | २८२७ |
| ङ | सिँढी | ३०७ |
| च | पर्खाल | २७४ |
| | कूल | १२१७४ मि. |
| छ | जाली | १७ वटा |
| ज | स्वास्थ्य भवन | २ कोठा |
| झ | शौचालय | २ वटा |

## ३. सामाजिक विकास शाखा

## ३.१. शिक्षा ईकाइ

माध्यमिक शिक्षा सम्मको कार्यक्षेत्र स्थानीय सरकारको काम कर्तव्य र अधिकारभित्र पर्ने हुंदा यस नगरपालिकाभित्र रहेका सामूदायिक विद्यालय कूल ५४ वटा विद्यालय मध्ये ३४ वटा आधारभुत विद्यालय र २० वटा माध्यमिक विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी शिक्षा शाखाको रहेको छ । शिक्षा शाखाले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले शिक्षा क्षेत्रमा बिनियोजन गरेको बजेट कार्यान्वयन, गाउँ शिक्षा समिति गठन, आवश्यक शिक्षा ऐन तर्जुमा, शिक्षक दरबन्दी मिलान, विद्यालय अनुगमन लगायतका कार्यहरू गर्ने गर्दछ ।

आ.व.२०७८०/८१ मा शिक्षा शाखा मार्फत नगरपालिकाले सम्पन्न गरेको वित्तीय तथा भौतिक प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| **प्रमुख कार्यहरु** | |
|---|---|
| १ | विध्यालय नक्साङ्कन तथा दरवन्दि मिलान |
| २ | शैक्षिक भित्तेपात्रो निर्माण |
| ३ | विभिन्न तालिम IEMIS,ICT, Real plan |
| ४ | पाठ्यक्रम प्रोविधिकरण, पठन सिप विकास |
| ५ | प्रारम्भिक सिकाइ तथा मापदण्डमा आधारित सिकाइ कार्यक्रम |

| प्रमुख कार्यहरु | |
|---|---|
| ६ | पालिका स्तरिय राष्ट्रपति रिनिङ सिल्ड प्रतियोगिता सञ्चालन |
| ७ | साहित्य मेला सञ्चालन |
| ८ | निशुल्क आबाशिय पलम्बर तालिम सञ्चालन |
| ९ | शारदा मेयर कप T20 Cricket प्रतियोगिता सञ्चालन |
| १० | विभिन्न कार्यविधि ऐन कानुन निर्माण |
| ११ | नगर स्तरीय दोश्रो पढाइ मेला सञ्चालन |

### ३.२. स्वास्थ्य ईकाइ

मानव जीवनसँग प्रत्यक्ष सम्पर्कमा आएको मानव जीवनको रक्षा गर्ने प्रमुख कार्य स्थानीय सरकार भएको र सोको जिम्मेवार स्वास्थ्य शाखा भएको हुदाँ यस शाखालाई संवेदनशिल शाखाको रुपमा मानीएको छ । मानव जीवनको रक्षा नै प्रमुख कार्य रहेको यस शाखामा समय-समयमा आउने कोभिड १९ जस्ता माहामारीले यस क्षेत्रमा गत विगत आ.व.मा थप जिम्मेवारी बढेको थियो । साथै हाल सल्यान अस्पताल समेत विभिन्न वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुले नियमित रुपमा खोप सञ्चालन, गर्भवती जाँच लगायत अन्य ओ.पी.डी.सेवाहरू प्रदान गर्ने गर्दछ । समय-समयमा हुने समिक्षा कार्यक्रमले स्वास्थ्य सेवाको थप प्रभावकारी बनाउने गरेको छ । स्वास्थ्य शाखा मार्फत आ.व. २०८०/८१ मा नगरपालिकाले विभिन्न साझेदार संघ संस्थाहरुसंग समन्वय गरि सञ्चालन गरेको स्वास्थ्य सम्बन्धी प्रमुख कार्यक्रमहरूको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| प्रमुख कार्यहरु | |
|---|---|
| १ | ७० वर्ष माथिका जेष्ठ नागरिक अशक्त अपाङ्गहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम |
| २ | पाठेघरको क्यान्सरको स्क्रिनिङ,फिस्टला र आङ्ग खस्ने रोगको परिक्षण र उपचार साथै Implant सेवा |
| ३ | आँखा रोगहरुको स्क्रिनिङ सेवा तथा सर्जिकल सेवा |
| ४ | स्वास्थ्य चौकी मार्केमा मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना |
| ५ | महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई मासिक रुपमा यातायात तथा संचार खर्च प्रदान |
| ६ | न्यूनतम मापदण्ड सेवा (MSS), RDQA कार्यक्रम |
| ७ | विपन्न नगरिकहरुलाई यातायात खर्च रकम  प्रदान |
| ८ | विद्यालयहरुमा प्राथमिक उपचार बाकस बितरण |
| ९ | क्षरोग भुक्त स्थानिय तह अभियान कार्यक्रमको सुरुवात |
| १० | मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना |

स्वाथ्य शाखा मार्फत चालु आ.व.मा सम्पन्न भएका कार्यक्रमहरुको समग्र वित्तिय प्रगति ८२.३९% र भौतिक प्रगति ७५.५०% रहेको छ ।

### ३.३. महिला तथा बालबालिका ईकाइ

यस ईकाइले आ.व .२०८०/८१ मा लक्षित वर्गका लागि विनियोजित बजेट मध्ये खर्च र प्रगतीको अवस्था देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | वार्षिक रकम | खर्च | वित्तिय | भौतिक |
|---|---|---|---|---|---|
| ६ | ६ | १७५००००० | ९७१००० | ५५.४८ | |

### ३.३.१. महिला तथा बालबालिका शाखाबाट सम्पन्न भएका प्रमुख कार्यक्रम :-

- दुई महिने ब्युटिसियन तालिम सञ्चालन १५ जना लाभान्वित
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI Audit) सम्पन्न
- महिला जनप्रतिनिधि र महिला कर्मचारीहरुको लागि क्षमता विकास तालीम
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विद्यालयस्तरीय समुदायस्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन
- अपाङ्ग दिवसको अवसरमा १२ जना दृष्टिविहिन बालबालिकाहरुलाई न्यानो कपडा वितरण
- नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखामा रहने गरी महिला उद्यमशिलता सहजीकरण केन्द्र स्थापना गरिएको छ। केन्द्र स्थापना भए पश्चात नगरपालिका अन्तर्गत रहेका महिला उद्यमीहरुको लगत संकलन गरेर प्रोफाइल निर्माण गरिएको छ ।४१ जना महिला उद्यमीहरुलाई वित्तीय साक्षरता र कर साक्षरता सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो भने कृषि व्यवसायमा संलग्न २५ जना महिला उद्यमीहरुलाई कृषि व्यवसाय संचालन तथा व्यवस्थापन सम्बन्धी २ दिने तालिम संचालन गरिएको छ ।
- शारदा नगरपालिकाको आ.व. २०८० /८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखाको आयोजनामा वडा नं.४ को साहुटोलामा २०८०/ १२/ २२ गते देखि २०८१ /०२/ २२गते सम्म दुई महिने ब्युटिसियन तालिम सम्पन्न भएको छ। तालिममा शारदा नगरपालिकाका वडा नं.३, ४, ५,र,८ का १५ जनाको सहभागिता थियो।
- शारदा नगरपालिकाले आ.व.२०८०/८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरेको छ। पालिकाले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान केन्द्रको समन्वय र सहजीकरण कार्यक्रम ३ दिनसम्म सञ्चालन गरी बाल दिवसको अवसरमा दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरुलाई न्यानो कपडा वितरण।
